प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : १३५ ॥ २०८१ असार ११ गते मंगलबार (25th Jun 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# मेचीनगरको सबैभन्दा धेरै बजेट, हल्दिवारीको सबैभन्दा कम

झापा(प्रस) । झापाका १४ वटा स्थानीय तहले नीति तथा कार्यक्रमसहित बजेट सार्वजनिक गरेका छन् । गौरीगञ्ज गाउँपालिकाले भने नीति तथा कार्यक्रम प्रस्तुत गरे पनि १६ गते मात्रै बजेट ल्याउने भएको छ । अन्य १४ वटा पालिकाले बजेटसहितको नीति तथा कार्यक्रम ल्याएका हुन् ।

जिल्लाका ८ वटा नगरपालिकामध्ये सबैभन्दा बढी बजेट मेचीनगरको रहेको छ । मेचीनगरले दुई अर्ब पाँच करोड २९ लाखको बजेट सार्वजनिक गरेको छ भने कन्काईले सबैभन्दा कम ६९ करोड ७७ लाखको बजेट सार्वजनिक गर्‍यो । गाउँपालिकातर्फ कमलले सबैभन्दा बढी ७१ करोड ८३ लाखको बजेट सार्वजनिक गरेको छ । सबैभन्दा कम हल्दिवारी गाउँपालिकाले ४८ करोड ८९ लाखको बजेट सार्वजनिक गरेको छ ।

| क.सं. | पालिका | आगामी आर्थिक वर्षको बजेट |
|---|---|---|
| १ | मेचीनगर | २ अर्ब ५ करोड २९ लाख |
| २ | दमक | १ अर्ब ६२ करोड ७७ लाख |
| ३ | बिर्तामोड | १ अर्ब ३९ करोड ९६ लाख |
| ४ | भद्रपुर | ९९ करोड २ लाख |
| ५ | शिवसताक्षी | ९६ करोड २६ लाख |
| ६ | अर्जुनधारा | ८५ करोड ५९ लाख |
| ७ | गौरादह | ८४ करोड ३४ लाख |
| ८ | कन्काई | ६९ करोड ७७ लाख |
| ९ | कमल | ७१ करोड ८३ लाख |
| १० | कचनकवल | ६६ करोड ३१ लाख |
| ११ | बुद्धशान्ति | ६४ करोड ८ लाख |
| १२ | बाह्रदशी | ५० करोड ४५ लाख |
| १३ | झापा | ४९ करोड ४३ लाख |
| १४ | हल्दिवारी | ४८ करोड ८९ लाख |
| १५ | गौरीगञ्ज | बजेट सार्वजनिक भएन |

**मेचीनगरले ल्यायो २ अर्बभन्दा बढीको बजेट**

मेचीनगर नगपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८१ को लागि २ अर्ब ५ करोड २९ लाख २ हजार रुपैयाँको अनुमानित बजेट प्रस्ताव गरेको छ । यो बजेट मेचीनगर नगरपालिकाको अहिलेसम्मकै ठूलो आकारको बजेट हो ।

सोमबार मेचीनगर नगरपालिकाको दोस्रो नगर सभाको पाँचौं अधिवेशनको प्रथम बैठकमा मेचीनगर नगरपालिकाको आर्थिक विधेयक २०८१ र विनियोजन विधेयक २०८१ प्रस्तुत गर्दै उपप्रमुख एवम् बजेट तर्जुमा समितिका संयोजक मीना पोखरेल उप्रेतीले आगामी आर्थिक वर्ष २०८१/०८२ को मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा, उपशाखा तथा सेवाकेन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त मेचीनगर नगरपालिकाको विनियोजन विधेयक ऐन, २०८१ अनुसूची १ दफा ३ सँग सम्बन्धित संचित कोषबाट विनियोजन रकम अन्तर्गत विभिन्न शीर्षकाबट चालु पुँजीगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी कुल २ अर्ब ५ करोड २ ९ लाख २ हजार रुपैयाँको बजेट प्रस्तुत गरिन् ।

चालु खर्चतर्फ ७३ करोड ९६ लाख ९४ हजार, पुँजीगततर्फ १ अर्ब ३१ करोड ७ लाख ८ हजार वित्तीय व्यवस्थापनतर्फ २५ लाख गरी कुल २ अर्ब ५ करोड २९ लाख २ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेकी हुन् । नगर स्तरीय चालु खर्चतर्फ २५ करोड १२ लाख ५० हजार, पुँजीगत खर्च ३५ करोड ५६ लाख ८ हजार गरी कुल ६० करोड ६८ लाख ५८ हजार, वडा स्तरीय चालु खर्च ७५ लाख, पुँजीगत खर्च १२ करोड ७५ लाख गरी कुल १३ करोड ५० लाख , संघबाट वित्तिय हस्तान्तरण मार्फत बिषयगत सशर्त अनुदान ४७ करोड २८ लाख पुँजीगत खर्चतर्फ ७८ करोड ६ लाख गरी कुल १ अर्ब २५ करोड ३४ लाख, प्रदेशबाट वित्तिय हस्तान्तरण मार्फत बिषयगत सशर्त अनुदान चालु खर्चतर्फ ८१ लाख४४ हजार पुँजीगततर्फ २ करोड ७० लाख गरी कुल ३ करोड ५१ लाख ४४ हजार, ऋणको साँवा ब्याज भुक्तानी वित्तीय व्यवस्थापनतर्फ २५ लाख र समपुरक पुँजीगततर्फ २ करोड रुपैयाँको उपप्रमुख उप्रेतीले सभामा प्रस्ताव गरेकी छन् ।

आयतर्फ आन्तरिक आम्दानी १६ करोड ७७ लाख रुपैयाँ, संघीय सरकारको वित्तीय समानीकरणतर्फ २४ करोड ९५ हजार रुपैयाँ, सशर्त चालू अनुदानतर्फ ४७ करोड २८ लाख रुपैयाँ, सशर्त पूँजीगत अनुदानतर्फ ७५ करोड ५६ लाख रुपैयाँ, विशेष अनुदानतर्फ २ करोड ५० लाख रुपैयाँ र राजश्व बाँडफाँटतर्फ १७ करोड ३७ लाख ६० हजार रुपैयाँ रहेको बजेटमा उल्लेख छ ।

यसैगरी, आयतर्फको कोशी प्रदेश सरकारको वित्तीय समानीकरणतर्फ १ करोड ६३ लाख रुपैयाँ, सशर्त चालु अनुदानतर्फ ८१ लाख ४४ हजार रुपैयाँ, सशर्त पुँजीगत अनुदानतर्फ १ करोड ४० लाख रुपैयाँ र राजश्व बाँडफाँटतर्फ १ करोड ७० लाख रुपैयाँ, समपूरक अनुदानतर्फ १ करोड ३० लाख रुपैयाँ, मालपोत घर रजिस्ट्रेसनबाट ११ करोड रुपैयाँ प्राप्त हुने बजेटमा जनाइएको छ ।

कूल बजेटमध्ये चालु खर्चमा ३६ दशमलव ०३ प्रतिशत, पुँजीगत खर्चमा ६३ दशमलव ८५ प्रतिशत र वित्तीय व्यवस्थानमा शुन्य दशमलव १२ प्रतिशत बजेट बिनियोजन गरिएको पाइएको छ ।

**बिर्तामोडको एक अर्ब २९ करोड**

बिर्तामोड नगरपालिकाले १ अर्ब ३९ करोड ९६ लाख ९१ हजार रुपैयाँको बजेट ल्याएको छ । आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि नगरपालिकाले नीति तथा कार्यक्रमसहितको बजेट ल्याएको हो । नगरपालिकाको दोस्रो नगरसभाको पाँचौं अधिवेशनमा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गरेका थिए ।

बजेटको आयमा संघीय समानीकरणबाट २१ करोड २३ लाख, संघीय राजश्व बाँडफाँडबाट १३ करोड ९८ लाख, प्रदेश समानीकरणबाट १ करोड ३७ लाख ३७ हजार, प्रदेश राजश्व बाँडफाँडबाट १ करोड ३४ लाख

❖ बाँकी अन्तिम पृष्ठमा

## दमकको बजेट एक अर्ब ६२ करोड

दमक(प्रस) ।आगामी आर्थिक वर्ष २०८१-०८२ को लागि झापाको दोस्रो पुरानो नगरपालिकाको रुपमा रहेको दमकले एक अर्ब ६२ करोड ७७ लाख ५८ हजार रुपैयाँ बराबरको बजेट पेस गरेको छ ।

नगरपालिकाको १५ औं नगर सभामा उपप्रमुख रेगिना भट्टराई प्रसाईले एक अर्ब ६२ करोड ७७ लाख ५८ हजार रुपैयाँ बराबरको बजेट पेस गरेकी हुन् ।सो बजेट चालू आर्थिक बर्ष २०८०-०८१ को तुलनामा ८.७२ प्रतिशतले बढी हो । उपप्रमुख प्रसाईले बार्षिक नीति कार्यक्रमसहितको बजेट प्रस्तुत गरेको कार्यक्रममा नगर प्रमुख रामकुमार थापाले नगर सभाको अध्यक्षता गरेका थिए । नगर प्रमुख थापाले नेपाल सरकारबाट दमक नगरलाई प्राप्त हुनुपर्ने अनुदान रकममा भएको कटौती, आन्तरिक स्रोतबाट समेत अपेक्षाकृत राजश्व संकलन गर्न नसकिएको स्वीकार गरेका छन् । उनले प्रविधिमैत्रीसहितको सुशासनको नीति अख्तियार गरिने उल्लेख गर्दै पूर्वाधार विकास र गुणस्तरीय शिक्षामा नागरिकको पहुँच अभिबृद्धि गर्ने प्रतिबद्धता जनाएका छन् ।

## झापा गाउँपालिकाको बजेट ४९ करोड ४३ लाख

कुमरखोद(प्रस) ।झापा गाउँपालिकाको आर्थिक वर्ष २०८१-०८२ को नीति तथा कार्यक्रमसहित वार्षिक बजेट गाउँसभाले सर्वसम्मत स्वीकृत गरेको छ। झापा गाउँपालिकाले आर्थिक वर्ष २०८१-८२ का लागि ४९ करोड ४३ लाख ५ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ। गत वर्षको तुलना यो आर्थिक वर्षमा ४७ लाख १२ हजार दुईसय रुपैयाँको कम बजेट आएको हो । झापा गाउँपालिकाको सभाहलमा भएको १६औं

❖ बाँकी तेस्रो पृष्ठमा

## कमलले ल्यायो कृषकलक्षित बजेट , नीति तथा कार्यक्रम

झापा(प्रस) । कृषि क्षेत्र र कृषकलाई प्रोत्साहन दिनेगरी झापाको कमल गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८०/०८१ का लागि वार्षिक नीति तथा कार्यक्रम ल्याएको छ ।

७१ करोड ८३ लाख ८४ हजार रुपैयाँको बजेट ल्याएको गाउँपालिकाले कृषकका लागि विभिन्न कार्यक्रम ल्याएको हो । 'कृषि उत्पादनमा बृद्धि, कमलको समृद्धि' भन्ने लक्ष्य अनुसार कृषि उत्पादक फर्ममार्फत उत्पादनको

❖ बाँकी तेस्रो पृष्ठमा






# बिर्तामोडमा सिपमुलक तालिम



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत आयोजना गरेको विभिन्न सिपमुलक तालिम सम्पन्न भएको छ ।

मेघा कम्लेक्सस्थित ग्लोबल लुक्सको हलमा आयोजित कार्यक्रममा व्युटीपार्लर, ढाका बुनाई र सिलाई कटाई तालिमको समापन गरिएको हो ।
तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई नगर प्रमुख पवित्रा महतारा प्रसाईले प्रमाणपत्र प्रदान गरिन् ।तालिम वडा नम्बर ५ का विभिन्न क्षेत्रमा २ महिनासम्म सञ्चालन भएको थियो । तालिममा व्यटीपार्लरतर्फ १५ जना, ढाका बुनाईमा ६ जना र सिलाई कटाईमा पनि ६ जनाको सहभागिता रहेको थियो । व्युटीपार्लरमा रश्मी रसाईली र संगिता रसाईली, ढाकामा मंगलमाया केरुङ, सिलाई कटाईमा मिर्ला अधिकारीले प्रशिक्षण दिएका थिए । कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले सिपलाई उत्पादनसंग जोडेर रोजगारी श्रृजना गर्न सवैलाई आग्रह गरिन् । सिपलाई व्यवसायिक बनाएर उद्योग स्थापना गरि अन्यलाई पनि रोजगारी दिनु पर्नेमा उनको जोड थियो । यस्तै नगर उप प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले सिप सिकेपछि यसलाई सदुपयोग गर्नु पर्ने बताए । स्वरोजगार बनाउने यो तालिम प्रभावकारी रहेको उनले चर्चा गरे ।

यस्तै कार्यक्रममा बोल्दै वडा नम्बर ५ का वडाध्यक्ष रोहित प्रसाईले सिकेको सिपलाई स्वदेशमै सदुपयोग गर्न आग्रह गरे । लगानी र मेहनत गरे यहिँ प्रतिफल प्राप्त हुने उनको धारणा थियो । तालिम समापन कार्यक्रममा कार्यपालिका सदस्य निर्मला गजमेरको पनि उपस्थिति थियो ।

नगर प्रमुख प्रसाईले तीन वटै विधाका प्रशिक्षकहरुलाई प्रशंसापत्र प्रदान गरिन् । नगरपालिकाले ढाका बुनाईमा सहभागी प्रशिक्षार्थीहरुको लागि लागत साझेदारीमा प्रविधिसमेत प्रदान गरिने लघु उद्यम विकास कार्यक्रमकी सहजकर्ता चनिमाया तामाङले जानकारी दिइन् ।

# अनियन्त्रित उत्खनन्को छानविन गर्न माग

झापा(प्रस) । मेचीनगरमा क्रियाशील पाँच राजनीतिक दलले नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन्बारे सर्वदलीय छानविन समिति गठन गरी सत्यतथ्य बाहिर ल्याउन नगरपालिकासँग माग गरेको छ ।
नेपाली कांग्रेसका सुवेशकुमार पनेरु, जनता समाजवादी पार्टीका ओमप्रकाश खापुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका विशालकृष्ण बास्तोला, राष्ट्रिय स्वतन्त्र पार्टीका भिमबहादुर कुँवर, नेकपा एकीकृत समाजवादीका हरि तिम्सिनाले संयुक्त विज्ञप्ति सार्वजनिक गर्दै यस्तो माग गरेका हुन् ।

विज्ञप्तिमा अनियन्त्रित उत्खनन्कै कारण बनेको खाल्डोमा जम्मा भएको पानीमा डुबेर मेचीनगर-३ निवासी शिक्षक धनराज भण्डारीको निधन भएको दावी गर्दै अनियन्त्रित उत्खनन्को छानविनका लागि सर्वदलीय समिति गठन गरी सत्यतथ्य बाहिर ल्याएर दोषीउपर कडा कारबाही गर्न माग गरिएको छ । भण्डारीको पौडी खेल्ने क्रममा स्थानीय निन्दा खोलामा डुबेर लगभग दुई महिनाअघि निधन भएको थियो ।
अनियन्त्रित उत्खनन्ले नगरपालिकाको राजश्वसमेत अपचलन भएको विज्ञप्तिमा ठहर




गरिएको छ ।
मेचीनगर नगरपालिकाका ४ नम्बर वडा अध्यक्षले स्थानीय एक एफएममार्फत नगरपालिकाका सामाजिक विकास अधिकृतमाथि भ्रष्टाचारीको गम्भीर आरोप लगाएको घटनाको सत्यतथ्य सार्वजनिक गर्न समेत विज्ञप्तिमा माग गरिएको छ । यस घटनामा नगरपालिका मौन रहेकोप्रति प्रश्न गर्दै विज्ञप्तिमा 'निर्दोष नपरोस्, दोषी नउम्कियोस्' भन्दै नगरबासीसमक्ष सत्यतथ्य सार्वजनिक गर्न माग गरिएको छ ।
'विगतमा पनि मेनपा कार्यालय परिसरभित्रै सेवाग्राहीमाथि हातपात हुनु, प्रभावकारी अनुगमन नभएका कारण विद्यालयको सेफ्टी टेंकीमा डुबेर विद्यार्थीको मृत्यु हुनु, अखाद्य वस्तुको उपभोग गर्न नगरबासीहरु बाध्य हुनु, न.पा. कार्यकक्षभित्रै कर्मचारीमाथि हातपात हुनुजस्ता गलत काम कार्वाहीबाट नगरबासी तथा नगरपालिकाबीच अबिश्वास र त्रासको वातावरण सिर्जना भएको हुँदा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ'- विज्ञप्तिमा भनिएको छ-'यसअघि भएका छानविन समितिबाट आएको रिपोर्ट समेत सार्वजनिक गरियोस् ।'
नगरपालिकाले विगतमा थालनी गरेका गौरवका योजनाहरु ओझेलमा परेको भन्दै विज्ञप्तिमा योजना सञ्चालन बजेट ब्यवस्थापन गर्न नगरपालिकाको ध्यानाकर्षण गराइएको छ ।

विगतमा मेचीनगरका राजनीतिक दलहरुले विभिन्न बिषयमा दिएको ध्यानाकर्षणपत्र र विज्ञप्तिमा गरिएका मागबारे कुनै सुनुवाई नभएको भन्दै विज्ञप्तिमा सो विषयलाई सम्बोधन गर्न र सार्वजनिक गर्न माग गरिएको छ ।नगरपालिकाबाट भइरहेका गलत कामका कारण नगरबासीहरु नै जोखिममा परिरहने, जनप्रतिनिधि र कर्मचारीबीचको अन्तरद्वन्द्व, खिचातानी र हैकमवादका कारण नगरको प्रशासनिक गतिविधिमा समेत नकारात्मक असर परेकोप्रति गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ ।

**मेचीनगरका...**

२० हजार, आन्तरिक स्रोतबाट २० करोड ५० लाख, जग्गा रेजिस्ट्रेसनबाट १२ करोड, संघीय सशर्त चालुबाट २९ करोड ८ लाख ६३ हजार, संघीय सशर्त पुँजीगतबाट ३१ करोड ८० लाख २५ हजार, संघीय विशेष अनुदानबाट ३ करोड, प्रदेश सशर्त चालूबाट ९४ लाख ४६ हजार, प्रदेश पुँजीगत सशर्तबाट १ करोड ४१ लाख, प्रदेश समपूरकबाट १ करोड ३० लाख र जनसहभागिताबाट २ करोड रुपैयाँ प्राप्त हुने नगरको अनुमान रहेको छ ।

बजेट प्रस्तुत गर्नुअघि नगरपालिकाद्वारा आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरिएको थियो । नगरप्रमुख पवित्रा महतारा प्रसाईंले आगामी आर्थिक बर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेकी हुन् । १८६ बुँदामा समेटिएको नगरको नीति तथा कार्यक्रम नगरप्रमुख प्रसाईंले सोमबार सार्वजनिक गरेकी हुन् । चालू आवमा अवलम्बन गरिएका महत्वपूर्ण नीतिहरुलाई निरन्तरता दिँदै पहिलो ५ वर्षे नगर आवधिक योजनाले लिएको उद्देश्य र लक्ष्य, सहस्राब्दी विकास लक्ष्य, राष्ट्रिय प्राथमिकता प्राप्त कार्यकमहरु र सुखी नेपाली समृद्ध नेपालको भिजन समेतको आधारमा आगामी आवका लागि नीति तथा कार्यकम तय गरी प्रस्तुत गरिएको नगरप्रमुख प्रसाईंले बताइन् ।
नीति तथा कार्यक्रममा शिक्षा, राजश्व परिचालन, स्वास्थ्य विकास कार्यक्रम, कृषि विकास, पशुपंक्षी तथा मत्स्यपालन विकास, सहकारी, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता, लक्षित क्षेत्र, न्यायिक निरुपण, पर्यटन क्षेत्र, बन, वातावरण, विपद व्यवस्थापन, उद्योयोग, व्यवसाय, व्यापार, रोजगार, यातायात तथा पूर्वाधार, युवा, खेलकुद तथा कला साहित्य, सुशासन, विज्ञान, प्रविधि, सूचना तथा सञ्चारलगायत क्षेत्रको विकास समेटिएका छन् ।

**अर्जुनधाराको ८५ करोड ५९ लाख**

झापाको अर्जुनधारा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ८५ करोड ५९ लाख १० हजार बजेट विनियोजन गरेको छ ।

नगरसभाको १५ औं अधिवेशनमा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीले उक्त बजेट पेश गरेकी हुन् । नगरपालिकाले समपूरक कोषका लागि २ करोड ५० लाख, साझेदारी कार्यक्रमका लागि १ करोड ८० लाख र वडा समितिले छनोट गरेका वडास्तरीय कार्यक्रमहरु सञ्चालनका लागि ९ करोड ९० लाख विनियोजन गरेको छ ।
त्यस्तै, समपूरक कोष, साझेदारी कोष, प्रस्तावनामा आधारित कार्यक्रम, विपद् व्यवस्थापन कोष, संघसंस्था प्रवर्द्धन कार्यक्रम तथा जहाँ अभर त्यहाँ नगर कार्यक्रम सञ्चालनका लागि २ करोड १५ लाख विनियोजन गरिएको छ ।
नगरसभाले शिक्षा, स्वास्थ्य, आयुर्वेद, सामाजिक विकासका अन्य क्षेत्रहरुमा कार्यक्रम सञ्चालनका लागि ५ करोड ९३ लाख, आर्थिक विकासका क्षेत्रहरु कृषि, पशुपालन तथा पर्यटन क्षेत्रको विकासका लागि लागि २ करोड ५ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमका लागि १ करोड ५० लाख, सुशासन तथा संस्थागत विकाससम्बन्धी कार्यक्रमका लागि ७० लाख तथा भूमि व्यवस्थापन सम्बन्धी कार्यक्रमका लागि ४५ लाख रुपैयाँ विनियोजन गरिएको उल्लेख छ ।

यसैगरी, नगरपालिकाको आन्तरिक प्रशासनिक खर्च तथा सेवा व्यवस्थापनका लागि १२ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको छ । उक्त वार्षिक बजेटका लागि स्रोत व्यवस्थापनतर्फ नेपाल सरकारबाट सशर्त कार्यक्रमवापत ३८ करोड १२ लाख ८० हजार, वित्तीय हस्तान्तरणतर्फ १७ करोड ५ लाख, विशेष अनुदानतर्फ ७० लाख प्राप्त हुने उल्लेख छ ।

यस्तै, समपूरक अनुदानतर्फ १ करोड ४० लाख, राजश्व बाँडफाँडवापत १२ करोड ९५ लाख प्राप्त हुनेछ । त्यस्तै, प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणवापत १ करोड ९ लाख १८ हजार, सवारी कर बाँडफाँडवापत १ करोड ६६ लाख ५० हजार, मालपोत रजिष्ट्रेशन बाँडफाँडवापत ४ करोड ५० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।
यसैगरी, सशर्त अनुदान २ करोड ३० लाख ६२ हजार, समपूरक अनुदान १ करोड ३० लाख प्राप्त हुनेछ । नगरपालिकाबाट ८ करोड ५० लाख आन्तरिक आय संकलन गरिने लक्ष्य लिइएको छ ।

**कनकाईको बजेट ६९ करोड ७७ लाख**

झापाको कनकाई नगरपालिकाले नगरको वृहत्तर विकासलाई लक्षित गरी आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम ल्याएको छ । सोमबार १६ औं नगरसभामा नगरपालिकाका उपप्रमुख आशा शर्मा शिवाकोटीले नगरको वृहत्तर हितका लागि आगामी आर्थिक वर्षका लागि १८४ बुँदे नीति तथा कार्यक्रम प्रस्तुत गरेकी हुन् । नीति कार्यक्रमसहित नगरपालिकाले ६९ करोड ७७ लाख ८४ हजारको बजेट सार्वजनिक गरेको हो ।
भौतिक पूर्वाधारतर्फ 'हाम्रो विकास हाम्रो हात, जुटौं सबै एक साथ' भन्ने नाराका साथ २७ बुँदे नीति तथा कार्यक्रम रहेको छ । नगरको पूर्वाधार विकास गुरुयोजना अनुसार गरिने, लागत साझेदारीका योजनालाई प्राथमिकता दिइने, गुणस्तरीय र मापदण्ड अनुसारको पूर्वाधार विकासका कार्य गर्ने लगायतका कुरा समेटिएको छ ।
त्यस्तै, सामाजिक विकासतर्फ शिक्षा, युवा तथा खेलकुदतर्फ ३४ बुँदे, स्वास्थ्यतर्फ १३ बुँदे, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा लक्षित वर्गतर्फ आठ बुँदे नीति तथा कार्यक्रम बनाइएको छ । नगरका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई चुस्त दुरुस्त बनाउने, नगर अस्पताललाई सुविधा सम्पन्न बनाइने लगायतका विषयलाई प्राथमिकता दिइएको नगर उप्रमुख शिवाकोटीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा उल्लेख छ ।
यस्तै, वन, वातावरण विपद् व्यवस्थापन तथा पर्यटनतर्फ खानेपानी तथा सरसफाई अन्तरगत पाँच बुँदे, वन वातावरण तथा पर्यटनतर्फ ११ बुँदे र विपद् व्यवस्थापनतर्फ ११ बुँदे नीति तथा कार्यक्रम तयार गरिएको छ । ४० माइक्रोनभन्दा पातलो प्लाष्टिकका झोला प्रयोगमा निरुत्साहित, एक घर एक बिरुवा, एकीकृत विपद् व्यवस्थापन केन्द्र निर्माणका लागि सहयोग समन्वय गरिने नीति कार्यक्रममा उल्लेख छ ।
नगरको सार्वजनिक सेवा, सुशासन तथा संस्थागत क्षमता विकासतर्फ पेपरलेस अवधारणा, जनताको घरदैलोमा जनप्रतिनिधि कार्यक्रम अन्तरगत नगरबासीका गुनासो सुन्ने, गरौं मिलाप नगरौं विलाप भन्ने नाराका साथ न्यायिक समितिमा दर्ता हुने सबै विवाद तथा उजुरीको समाधान गर्ने लगायतका २ ९ बुँदे नीति तथा कार्यक्रम तय गरिएको छ । आर्थिक विकासतर्फ राजश्व परिचालन २३ बुँदे, कृषि तथा पशुपालनमा १६ बुँदे र उद्योग, बाणिज्य, सहकारी तथा वित्तीय क्षेत्रतर्फ ७ बुँदे नीति तथा कार्यक्रम नगरले निर्माण गरेको छ ।

नगरसभामा कनकाई वडा नं. १ का अध्यक्ष सुशील पोखरेल, २ का वडाध्यक्ष बलराम राई (प्रताप) र ८ नं. वडाका वडाध्यक्ष लीलाबहादुर कटुवालले नीति तथा कार्यक्रममा सुझाव दिएका थिए ।
सभाध्यक्ष नगरप्रमुख राजेन्द्र पोखरेलले सभासदहरुले उठाएका सवाल र सुझावहरुलाई नीति तथा कार्यक्रममा समेटिने बताए ।
सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत सुरज प्रधान, वडाध्यक्ष, वडासदस्य, कार्यपालिका सदस्यहरुको लगायतको उपस्थितिले नगरसभाले आगामी वर्षको नीति तथा कार्यक्रमलाई संशोधनसहित पास गरेको छ ।

**बुद्धशान्तिको ६४ करोड ८ लाख**

बुद्धशान्ति गाउँपालिकाले आर्थिक बर्ष २०८१/०८२ का लागि बजेट सार्वजनिक गरेको छ । गाउँपालिकाको १४ औं गाउँसभा अन्तर्गत बजेट अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष भवानीप्रसाद खतिवडाले आगामी आर्थिक बर्षका लागि बजेट सार्वजनिक गरेका थिए । गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको अध्यक्षतामा बसेको सभामा उपाध्यक्ष खतिवडाले आगामी आर्थिक बर्षका लागि ६४ करोड ६४ करोड ८ लाख ३२ हजार रुपैयाँ बराबरको अनुमानित बजेट सार्वजनिक गरेका थिए ।

आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकालाई वित्तीय हस्तान्तरण वापत नेपाल सरकारबाट वित्तीय समानीकरणतर्फ प्राप्त हुने जम्मा १३ करोड ९३ लाख, राजश्व वाँडफाँड १० करोड ३० लाख, सशर्त अनुदानतर्फ २४ करोड ९६ लाख ५ हजार, समपूरक अनुदान १ करोड र विशेष अनुदान ८५ लाख प्राप्त हुने अनुमान रहेको उपाध्यक्ष खतिवडाले बताए ।

त्यस्तै, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरणतर्फ ८८ लाख ६ हजार, राजश्व वाँडफाँड ५५ लाख ७६ हजार, सशर्त अनुदानतर्फ प्राप्त हुने १ करोड ५७ लाख ५१ हजार, समपूरक अनुदान १ करोड प्राप्त हुने अनुमान रहेको उनको भनाइ छ । आन्तरिक श्रोततर्फ ५ करोड ९ लाख, स्थानीय राजश्व बाँडफाँडतर्फ ३ करोड ९३ लाख ९४ हजार गरी आम्दानीतर्फ कूल रु ६४ करोड ८ लाख ३२ हजार रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरिएको हो ।

**हल्दिवारीको ४८ करोड ८९ लाख**

हल्दिवारी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि ४८ करोड ८९ लाख रुपैयाँ बरावरको बजेट प्रस्तुत गरेको छ । गाउँपालिकाको नीति तथा कार्यक्रमसहित आर्थिक वर्ष २०८१/०८२ को वजेट गाउँसभाले सर्वसम्मत स्वीकृत गरेको छ । उपाध्यक्ष लक्ष्मीदेवी मैनालीद्वारा प्रस्तुत नीति तथा कार्यक्रम तथा वार्षिक आयव्यय समेटिएको बजेट गाउँसभाले अनुमोदन गरेको हो ।

हल्दीवारी गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा शुरु भएको १७ औं गाउँसभामा प्रदेशसभा सदस्य छविलाल चुडाल, वडा नम्बर २ का अध्यक्ष शुकलाल राजवंशी, वडा नम्बर ३ का अध्यक्ष बिष्णुप्रसाद ओली र कार्यपालिका सदस्य शान्ता शिवाकोटीले बोलेका थिए ।
आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमका लागि ४८ करोड ८९ लाख ४० हजार रुपैयाँ बराबरको अनुमानित बजेट ल्याएको छ । चालू आर्थिक २०८०/०८१ मा वर्षमा ४८ करोड ६९ लाख १० हजार ३२३ रुपैयाँ ७४ पैसाको बजेट रहेकोमा आगामी आर्थिक वर्ष २० लाख २९ हजार ६७६ रुपैयाँ २६ पैसा बढाएर अनुमानित बजेट ल्याएको हो ।

**बाह्रदशी गाउँपालिकाको बजेट ५० करोड**

आर्थिक वर्ष २०८१/०८२ का लागि बाह्रदशी गाउँपालिकाले ५० करोड ४५ लाख ४४ हजार नौ सय ९९ रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ ।१५ औं गाउँसभामा गाउँपालिका उपाध्यक्ष शान्तादेवी शिवाकोटी खरेलले बजेट प्रस्तुत गरेकी थिइन् । गाउँसभाले स्बीकृत गरेको नीति तथा कार्यक्रमसहित उपाध्यक्ष खरेलले चालू खर्च, पुँजीगत खर्च र वित्तीय ब्यवस्थाको रकम समेतको बजेट प्रस्तुत गरेकी थिइन् ।
बाह्रदशी गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चम्लागाँईको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाले सहजीकरण गरेका थिए भने उपाध्यक्ष खरेलले पालिकाको आयव्ययको विवरण समेत प्रस्तुत गरेकी थिइन् ।

वडा नम्वर -४ का वडाध्यक्ष महताव आलमले स्वागत गरेको कार्यक्रममा जनप्रतिनिधिहरु जय तिम्सिना, गंगाराम धिताल, मिलन संग्रौला, सम्पतलाल गिरी, युवराज ढकाल, डुककुमारी विक, कल्पना श्रेष्ठ र हेमलाल दाहालले बजेटका विषयमा धारणा राखेका थिए । बाह्रदशी गाउँपालिकामा बेरुजु शून्य पार्ने नीति अबलम्बन गर्दै ल्याइएको नीति तथा कार्यक्रम सहितको बजेटमा कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क, सिकाइ क्रियाकलापलाई समय सापेक्ष बनाउँदै सूचना प्रविधिमैत्री बनाइने, कक्षा १२ सम्म दिवासत्रमा पठनपाठनको ब्यवस्था मिलाउने, विद्यालयको भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै विद्युतीय पुस्ताकालय, कम्प्यूटर तथा विज्ञान प्रयोगशाला स्थापनामा प्रथमिकता दिइने भएको छ ।
त्यस्तै उच्च शिक्षा अध्ययन अध्यापन गर्न बाह्रदशी सामुदायिक क्याम्पसको भवन निर्माण र भौतिक पूर्वाधार विकासमा जोड दिइने भएको छ । साथै शिक्षाशास्त्र संकाय सञ्चालनका लागि आवश्यक पहल गरिने भएको छ । शैक्षिक संस्थाहरुको सम्पतिको संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यक कानून निर्माण गरिने र आधारभूत तहस्तरीय स्थानीय पाठ्यक्रम निर्माण भएकोले यसै आर्थिक वर्षबाट पाठ्यपुस्तक निर्माण गरी अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइने भएको छ ।
स्वास्थ्यतर्फ नेपाल सरकारबाट निःशुल्क वितरणका लागि तोकिएको औषधिहरुको सहज उपलब्धताको सुनिश्चिता गरिने भएको छ ।

नागरिकको पहुँच सुनिश्चित हुनेगरी गाउँपालिका क्षेत्रभित्र एमबीबीएस चिकित्सक र प्रयोगशाला सेवा, भिडियो एक्स-रे सेवा तथा इसीजी सेवासहितको आधारभूत अस्पताल सञ्चालनको कामलाई थप व्यवस्थित गरिने साथै बाह्रदशी अस्पतालबाट स्वास्थ्य विमा कार्यक्रम यसै आर्थिक वर्षबाट सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

**मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**सधियारका नाममा जारी १५ दिने सूचना**

मिति : २०८१-०३-१०

मेचीनगर नगरपालिका वडा नं. ५ बस्ने श्री बालकुमारी मगरले निजका नाममा दर्ता कायम रहेको साविक नकलबन्दा ७ हाल मेचीनगर न.पा. वडा नं. ५ स्थित पाथिभरा टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ५९९ क्षेत्रफल ००-०१-०० जग्गामा तपशिलमा भए बमोजिम पूर्व तर्फका सधियार श्री विष्णु ठकुरी मिति २०८१/०३/१० मा साँध सधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिन भित्र साँध, सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदी कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा कुनै उजुर वाजुर पर्न नआएमा तपशिलमा उल्लेख भए बमोजिम को घर नक्सा पास भइ जाने व्यहोर सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| जग्गाको विवरण | घरको विवरण | सधियार |
|---|---|---|
| साविकः नकलबन्दा ७ | लम्बाई : ७.९२ | पूर्व : श्री लिला श्रेष्ठ |
| हाल मेचीनगर ०५ | चौडाई : ७.३१ | पश्चिमः श्री माया बस्नेत |
| कि.नं. ५९९ | उचाई : ३ | उत्तर : श्री विष्णु ठकुरी |
| क्षेत्रफल : ००-०१-० | क्षेत्रफलः ६०.४७ | दक्षिण : बाटो |

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# पानीमाथिको ओभानो

निजामती सेवाका प्रमुखमाथि भ्रष्टाचारको आरोप लगाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ । बहालवाला मुख्यसचिव डा. वैकुण्ठ अर्याललगायत ११ जना जनामाथि आयोगले अन्तःशुल्कको स्टिकर खरिद प्रकरणमा ३८ करोड ६७ लाख भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेपछि कर्मचारीहरू स्वतः निलम्बित भएका छन् । मन्त्रिपरिषद्ले सोमबार विशेष पद सिर्जना गरी मुख्यसचिवको पद खाली बनाएको छ ।

यस मुद्दामा राजनीतिक व्यक्तिहरूमाथि भने मुद्दा दायर गरिएको छैन । तर, निजामती कर्मचारीलेमात्रै यति ठूलो भ्रष्टाचार गर्ने आँट गरे होलान् भनेर पत्याउन कसैले सकेका छैनन् । यसरी राजनीतिक नेतृत्व 'पानीमाथि ओभानो' हुने र कर्मचारीहरूमात्र कारबाहीमा पर्ने भएपछि कर्मचारीको मनोबल कमजोर गिर्छ । यसले कर्मचारीहरूमा निर्णय लिन हिचकिचाउने वा छल्ने प्रवृत्ति बढ्नेछ भने त्यसले भ्रष्टाचारकै जोखिम बढाउनेछ ।

नेपालजस्तो अनुदार प्रशासनमा सरकारी कामकाजमा प्रायः भ्रष्टाचार हुन्छ भने यदाकदा सम्बन्धित कर्मचारीमाथि कारबाही पनि हुनेगर्छ । त्यसरी हेर्दा डा. अर्यालविरुद्ध भ्रष्टाचारको मुद्दा दायर हुनु सामान्य नै देखिन्छ । तर, बहालवाला मुख्यसचिव नै भ्रष्टाचारको आरोपमा निलम्वनमा रहनु राष्ट्रिय लज्जा र गम्भीर चिन्ताको विषय हो । यसलाई सामान्य ठानेर बेवास्ता गर्न खोजियो भने राष्ट्रिय मनोबल खस्कनेछ ।

पहिलो त डा. अर्याल जस्केलाबाट मुख्यसचिव बनाइएका व्यक्ति हुन् । उनीभन्दा पहिलेका र त्यसभन्दा पहिले पनि मुख्यसचिव बनाइएकाहरू निजामती सेवाका वरिष्ठतम अधिकारी थिएनन् । कसैलाई अवधि नपुग्दै राजदूत बनाएर वा कार्यकाल सकिने बेलामा राजीनामा गराएर कृपापात्रलाई मुख्यसचिव बनाउने चलन चलाएपछि हुने त यस्तै नहनुपर्ने न हो । यसैले यस प्रकारको गलत अभ्यासका लागि राजनीतिक नेतृत्वले नैतिक जिम्मेवारी लिने परम्परा सुरु गर्दै व्यक्ति विशेषको स्वार्थमा निजामती सेवाको वरीयता नखलबल्याउने प्रण यसैपटकदेखि गरियोस् ।

वरीयताका आधारमा मुख्यसचिव हुने सुनिश्चित भएमा कर्मचारीको मनोबल सुदृढ हुनेछ । त्यसपछि कर्मचारीहरूमा राजनीतिक नेतृत्वको गलत आदेश पालना नगर्ने आँट पनि बढ्नेछ । निजामती सेवाका कर्मचारीमा परेको ताबेदारी नगरी वृत्ति विकास हुँदैन भन्ने छाप मेटिएमा समस्त कार्यसम्पादनको गुणस्तरमा सुधार हुन्छ । प्रकारान्तरले यस मनोबल र कार्यसम्पादनमा भएको सुधारबाट राजनीतिक नेतृत्व पनि लाभान्वित हुनेछ । यस मुद्दाले एकातिर 'ठूलामाछा' पनि जालमा पर्नसक्ने पुष्टि गरेको छ भने अर्कातिर धेरै ठूला भ्रष्टाचारमा संलग्न 'अजिङ्गर'हरू सजिलै उम्कने गरेका छन् । भ्रष्टाचार नियन्त्रण गर्नका लागि सबैभन्दा पहिले मन्त्रिपरिषद्को निर्णयलाई 'नीतिगत' भन्दै अख्तियारको कार्यक्षेत्रमा पर्न नदिने अभ्यास अन्त्य गर्नुपर्छ ।

# माधवको नीति, माधवकै नेतृत्व


• विश्वमणि सुवेदी

जतिबेला देशको नाम 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल' लाई संशोधन गर्दै 'संघीय लोकतान्त्रिक गणतन्त्र' हटाउने तयारी चलिरहेको थियो, नेपालको राजनीति त्यही विन्दुबाट चुनौतीको नयाँ अध्यायमा प्रवेश गर्‍यो । प्रकारान्तरमा असंवैधानिक तवरले संसद्को विघटनमार्फत त्यस्तो दुराकांक्षा पूर्ति गर्ने अभ्यास गरियो ।

देशको राजनीतिक क्षितिजमा बितेको चार वर्षयता माधवकुमार नेपालको पछिल्लो पहिचानलाई त्यही चुनौतीपूर्ण अध्यायले स्थापित गर्छ । अर्थात् नेपाली जनताले वर्षौंदेखि लडेर ल्याएका राजनीतिक उपलब्धिसँगै २०७२ सालमा जारी भएको पहिलो संघीय गणतान्त्रिक संविधानसमेतको विघटन गर्ने प्रपञ्चका विरुद्ध विद्रोहको नेतृत्व गर्ने नेताका रूपमा माधवकुमार नेपाल चिनिनुहुन्छ । उहाँले आफूसम्बद्ध राजनीतिक दल नेकपा (एमाले) को मूल नेतृत्वबाट मुलुकमाथि भइरहेको बेइमानीविरुद्ध विद्रोह गरेर राजनीतिक दलका रूपमा २०७८ भदौमा नेकपा (एकीकृत समाजवादी) को स्थापना गर्नुभयो । सोही दल अहिले १० औँ राष्ट्रिय महाधिवेशनमा होमिएको छ ।

### १० औँ नै किन ?

स्थापना भएको ३३ महिनापछि नेकपा (एकीकृत समाजवादी) महाधिवेशनका निम्ति जुटिरहेको छ । यसले आफ्नो महाधिवेशनका प्रतिनिधि चयन गर्नका निम्ति जारी गरेको मापदण्ड अनुसार सदस्यता प्राप्त भएको कम्तीमा ३६ महिना (तीन वर्ष) हुनुपर्ने उल्लेख गरेको छ । प्रश्न उठेका छन्, स्थापना भएको ३३ महिनापछि हुन लागेको महाधिवेशनका प्रतिनिधिले सदस्यता पाएको कम्तीमा ३६ महिना पूरा गर्नुपर्ने कारण के हो ? अनि, स्थापना भएको तीन वर्ष पनि नपुग्दै महाधिवेशन हुँदै छ । त्यो महाधिवेशन कसरी १० औँ भयो ?

नेपाल र विश्वकै कम्युनिस्ट आन्दोलनको इतिहासमा पनि विद्रोह र रूपान्तरणका अनगन्ती घटना छन् । कम्युनिस्ट पार्टीमा चलिरहेको अभ्यास अनुसार एउटा दलभित्र राजनीतिक, सैद्धान्तिक तथा कार्यदिशागत विमति भएमा दलको विभाजन वा विद्रोह अपरिहार्य मान्ने गरिन्छ । त्यसरी विभाजन वा विद्रोह गरिँदा अघिल्लो दलको राजनीतिक तथा साङ्गठानिक विरासतसहित विद्रोह भइरहेको हुन्छ । यसर्थ, एउटा कम्युनिस्ट पार्टीको सदस्य अर्को कम्युनिस्ट पार्टीमा प्रवेश गर्दा ऊ अघिल्लो दलको सदस्यका रूपमा जति इतिहास निर्माण गरेर आएको छ, त्यसैले मान्यता पाउँछ । कोही गैरकम्युनिस्ट दलबाट कम्युनिस्ट दलमा सदस्य बन्न गएमा उसले नयाँ सदस्यका रूपमा पार्टीमा काम गर्नुपर्ने अभ्यास कम्युनिस्ट पार्टीमा हुने गरेको छ ।

यो मान्यता अनुसार हिजोको नेकपा (एमाले) को इतिहास र आदर्श त्यतिबेलासम्म गलत थिएन, जब त्यसले आफ्नो नवौँ महाधिवेशन गरेर नयाँ नीति र नेतृत्व चयन गर्‍यो । नवौँ महाधिवेशनपछिका गतिविधि क्रमशः नीतिप्रधान नभएर व्यक्तिकेन्द्रित हुन थाल्यो । पार्टीका राजनीतिक तथा साङ्गठानिक गतिविधि अध्यक्ष केपी ओलीको व्यक्तिवादी अहङ्कारको चङ्गुलमा पर्‍यो । उक्त पार्टीले राष्ट्रिय राजनीति, जनजीविका एवं मुलुकको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा सम्पादन गर्नुपर्ने थुप्रै कार्यभारलाई पार्टीको नीति र सिद्धान्तको अधीनमा रहेर सम्पन्न गरेन । पूर्णतः केपी ओली र उनका भक्तको जय जयकार गाउनुपर्ने स्थितिमा एमाले पुग्यो ।

२०७४ सालको आमनिर्वाचनले एमाले र माओवादी केन्द्रको गठबन्धनले करिब करिब दुईतिहाइ जनमत हासिल गर्‍यो । सरकारको नेतृत्व एमाले अध्यक्षका हैसियतले केपी ओलीले गर्नुभयो । त्यसपछि पार्टी एकता भई नयाँ दलको नाम नेकपा कायम भयो । दुई अध्यक्षको अभ्यास गरियो । यति हुँदासम्म पनि दलको सञ्चालन कुनै नीति, विधि र परम्परामा आधारित नभई अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी ओलीको व्यक्तिवादी शैलीमा हुन थाल्यो । उक्त शैलीले केवल नेकपाको जीवनमाथि मात्रै चुनौती ल्याएन, मुलुकको संघीयता, लोकतन्त्र र गणतन्त्रमाथि नै अनगन्ती प्रश्न खडा गरे । हुँदाहुँदा २०७७ पुस ५ गते संविधान कुल्चिएर संसद्को विघटन गर्नेसम्मको काम भयो ।

यस्ता गतिविधिका कारण केवल नवगठित एकीकृत दल नेकपा मात्रै विभाजित भएन, पूर्वएमाले र पूर्वमाओवादी केन्द्र अलग अलग हुने परिस्थिति निर्माण हुँदै मुख्यतः पूर्वएमाले दुई चिरामा विभक्त भयो । संविधान, लोकतन्त्र र गणतन्त्रको रक्षाका निम्ति पार्टीभित्रै संघर्ष गर्ने विभिन्न चरणमा असफल भएपछि माधवकुमार नेपाल नेतृत्वको समूह पार्टीबाट विद्रोह गर्न बाध्य भयो र नेकपा (एकीकृत समाजवादी) को स्थापना भयो ।

यसर्थ, अहिलेको १० औँ महाधिवेशन एमालेको ९ औँ महाधिवेशनका अपूरा कार्यभारलाई सम्पन्न गर्नका निम्ति आयोजना भइरहेको हो । किनभने, नेकपा (एकीकृत समाजवादी) भनेको ९ औँ महाधिवेशनसम्मको नेकपा (एमाले) को विद्रोह र रूपान्तरण हो । हिजोका एमालेका सदस्य नै आजको एकीकृत समाजवादी गठनका आधार हुन् । यसबाहेक पार्टी गठन भएयता यसमा विभिन्न कम्युनिस्ट घटकबाट सामेल भएका सदस्य सङ्गठित भएका छन् ।

### नीति र नेतृत्व

नेकपा (एकीकृत समाजवादी) एउटा जटिल र विशिष्ट राजनीतिक परिस्थितिमा स्थापना भएको दल हो । संविधान र राजनीतिक व्यवस्था तथा कम्युनिस्ट आन्दोलनको रक्षाका निम्ति आफैँले स्थापना गरेको दलबाट विद्रोह गर्नुपर्ने बाध्यात्मक स्थितिमा माधवकुमार नेपाल र उहाँको सघन समूह पुगेको थियो । विद्रोह आफैँमा एउटा जटिल चरण हो । यथास्थितिबाट अग्रगमनतर्फ जान नसकिँदा वा अग्रगमनतर्फ जाने मार्ग निषेध गरिँदा विद्रोह अनिवार्य बन्यो र नेकपा (एकीकृत समाजवादी) स्थापना भयो ।

माधवकुमार नेपालको नेतृत्वमा भएको त्यो विद्रोहको सान्दर्भिकता समाप्त भएको छैन । बरु, विद्रोहको औचित्यलाई अझ घनीभूत रूपमा पुष्टि गर्नुपर्ने जिम्मेवारी नेकपा (एकीकृत समाजवादी) लाई थपिएको छ । जसरी ०६२/०६३ सालको जनआन्दोलनअघि सशस्त्र द्वन्द्वमा सामेल नेकपा (माओवादी) लाई शान्तिपूर्ण राजनीतिमा ल्याउने नीति माधवकुमार नेपालले अख्तियार गर्नुभयो । त्यसका निम्ति आफ्नो पार्टीका नेतालाई रोल्पा पठाउनेदेखि आफैँ भारतीय भूमिमा पुग्नेसम्मका काम गर्नुभयो र प्रकारान्तरमा उहाँको उक्त नीतिले सार्थकता लियो ।

०६२/६३ को जनआन्दोलनअघि खुला राजनीतिक अभ्यासमा सामेल भएका दलमध्ये माधवकुमार नेपाल नेतृत्वको नेकपा (एमाले) नै थियो, जसले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको नीति अवलम्बन गर्‍यो । त्यो पनि सफल भयो तर, त्यसले मुलुक, जनता र जनजीविकाका पक्षमा यथेष्ट परिणाम दिन सकेन । यसबिचमा दलीय खिचातानीमा मुलुक फँस्यो । स्वयम् माधवकुमार नेपालहरू आफैँले खडा गरेको एउटा गौरवशाली विरासतबाट विद्रोह गरेर कम्युनिस्ट आन्दोलनलाई नयाँ शिराबाट अगाडि बढाउनुपर्ने चुनौतीपूर्ण चरणमा प्रवेश गर्नुभयो । यसर्थ, फेरि पनि उहाँले नेतृत्व गर्नुभएको नेकपा (एकीकृत समाजवादी) उहाँकै नीति र उहाँकै नेतृत्वका साथ अगाडि बढ्दै छ ।

एउटा जीवन्त राजनीतिक दलभित्र विचार र कार्यशैलीका विषयमा मतभेद वा मतान्तर हुनु स्वाभाविक हो । त्यसमा पनि वैचारिक, राजनीतिक अभ्यासको लामो शृङ्खला पार गरेका थुप्रै नेता संलग्न भएको एकीकृत समाजवादी जस्तो दलभित्र त्यस्तो बहस चल्नु स्वाभाविक मानिन्छ । महाधिवेशनको सँघारमा पुग्दा उक्त दलभित्र नीति र विचारमा विमति छैन । मात्रै, कार्यशैली कस्तो अपनाउने र समृद्ध कम्युनिस्टलाई कसरी अगाडि लैजाने भन्ने बहस चलिरहेको छ । यस सन्दर्भमा अलग अलग विषयमा तीन नेताले अलग अलग दस्ताबेज तयार पारिरहनुभएको छ । माधवकुमार नेपालको नीति र नेतृत्वको जगमा तयार भइरहेका ती दस्ताबेजले मुलुक र कम्युनिस्ट आन्दोलनको समृद्धिलाई सुनिश्चित गर्ने महत्वपूर्ण कदम चाल्ने विश्वास लिइएको छ । अध्यक्ष माधवकुमार नेपालले राजनीतिक प्रतिवेदन, सम्मानित नेता झलनाथ खनालले 'नेपाली विशेषताको समाजवादी कार्यक्रम' र महासचिव घनश्याम भुसालले सङ्गठनात्मक प्रस्ताव पेस गर्नुहुने भएको छ ।

### पुस्तान्तरण

नेपालको राजनीतिक परिदृश्यमा पहिलो पटक एकीकृत समाजवादीले दलभित्र पुस्तान्तरणको औपचारिक र विधिवत् प्रयत्न सुरु गरेको छ । व्यक्तिलाई खुसी पार्न वा भाग पुर्‍याउने नाममा ठुलो वा भद्दा कमिटी गठन गर्ने क्रमलाई यसले नियन्त्रण गरेको छ । केन्द्रीय कमिटीको संख्यालाई घटाएर १९९ कायम गरिएको छ । निर्वाचित हुने कुल सदस्यमध्ये २० प्रतिशत युवा हुनुपर्ने वैधानिक व्यवस्था गरिएको छ । ४० वर्षभन्दा कम उमेर भएका व्यक्तिलाई युवा मान्दै उक्त उमेरभित्रका करिब ४० जना युवाले अब पार्टीको केन्द्रीय नेतृत्वमा आफ्नो सशक्त उपस्थिति जनाउने भएका छन् ।

# बुद्यौली पुस्ताका जवान समस्या


• डा. अतीन्द्र दाहाल

समयक्रमको उतारचढावसँगै विश्वलाई अनेकन अपेक्षित तथा अनपेक्षित समस्याहरूले घेर्दै लगेको छ। राजनीतिमा आधारित शक्ति र दम्भले निर्माण गरेका अतिवादी अनि जडसूत्रवादी समस्या अतिरिक्त विभिन्न अवयवहरू भएका सामाजिक तथा मनोवैज्ञानिक चुनौतीहरू पनि सतहमा आउँदैछन्। यस्ता अनौठा समस्याहरूको चंगोलमा एजिंग भनिने वृद्ध उमेर भएका मानिसहरूको संख्यामा उच्च बढोत्तरी पछिल्लो नयाँ समस्या बन्दैछ। लेखक जलमान स्यालोमी आफ्नो पुस्तक 'फ्रम एजिङ टु सेजिङ'मा यसलाई एक घातक समस्याको रूपमा चित्रण गर्छन्। बुद्यौली लागेका मानिसहरूबारे अध्ययन, अनुसन्धान गर्ने केही संस्थाहरूका अनुसार सन् २०३० सम्ममा पोल्यान्डमा सम्पूर्ण जनसंख्याको ३० प्रतिशत नागरिक वृद्ध अथवा अवकाशित हुनेछन्। चीनमा सन् २०५० मा ४५ प्रतिशत नागरिक बुद्यौलीमा पुग्ने सर्वेक्षण छ। फ्रान्समा पछिल्लो एक सय वर्षमा यो संख्या ४ प्रतिशतबाट १७ पुगेको देखिन्छ। अविकसित तथा अल्पविकसित देशहरूमा भने हरेक २५ वर्षमा वृद्ध नागरिकको संख्या दोब्बर हुँदै गएको तथ्यांक छ।

अहिले नै जापानमा एकतिहाइ जनसंख्या वृद्धहरूको छ। यो विश्वकै उच्च अनुपात हो। सन् २०१६ को जनगणनाअनुसार क्यानडामा बालबालिकाको भन्दा वृद्धको संख्या धेरै भएको छ। नेपालमा पनि अघिल्लो पुस्ताको तुलनामा अहिले अभिभावकहरूबाट हुने सन्तानोपादन दर निकै कम छ। 'हेल्थ एन्ड रिटायरमेन्ट स्टडी सेन्टर' नामक संस्था चलाएर वृद्धहरूलाई समाजको प्रगतिमा लगाउन सकिने बारेमा अनुसन्धान गर्दै आएका सञ्चालकहरू यस्तो असन्तुलित बनावटलाई ऋणले भरिएको विस्फोटक पदार्थ मान्छन्। सन् २००९ मा ६.५ प्रतिशत जनसंख्या वृद्ध भएको तथ्यांक थियो अहिले उक्त अनुपात ११ प्रतिशत छ। २०५० सम्ममा संसारभर ६ अरब मानिसहरू ६५ वर्ष उमेर माथिका हुने अनुमान छ। जापान, नर्वे, डेनमार्कजस्ता केही देशहरूमा अत्यधिक न्यून बाल जन्मदर र अन्य केही देशमा अधिक बसाइँसराइले समेत यस्तो असन्तुलन भएको देखिन्छ।

बढ्दो बुद्यौली मानिसको संख्याले विश्वभर अनेकन तन्दुरुस्त अनि जवान समस्याहरूका पहाड थोपर्दै छ। संसारभर वित्तीय व्यवस्थापन र सूक्ष्म अर्थतान्त्रिक स्थिरताको असन्तुलन एजिङको सबैभन्दा ठूलो समस्या बन्दैछ। केही अर्थशास्त्रीहरूको अनुसार बुद्यौलीका कारण मानिसको आर्थिक हैसियतको बढोत्तरी अनि गुणात्मक जीवनमा गम्भीर असर परेको देखिन्छ। निराशावाद अनि मानसिक विचलन र विक्षिप्तताहरूले उनीहरूलगायत बाँकी सदस्य तथा समाजलाई समेत नराम्ररी असर पारेका छ। रोगको निवारण, सामाजिक सुरक्षा, औषधि उपचार अनि वृद्धहरूको स्याहारसुसार तथा व्यवस्थापन हरेक देशका सरकारको बलियो आर्थिक चुनौती बन्दैछ। यी कुराहरूको यथोचित व्यवस्थापन गर्नका लागि सरकारलाई निकै ठूलो बजेट लाग्छ। औसतमा सम्पूर्ण बजेटको एक तिहाइ रकम यसमा खर्च हुने तथ्यांकहरू देखिन्छन्।

अर्कोतिर पारिवारिक विभाजनलाई निम्त्याउने प्रकारका पुस्तान्तरणका सोच र विचारहरू एजिंगका नयाँ बाछिटा बन्दैछन्। अधिक उमेर अन्तर भएका दुई समूहबीच बुझाइ र सोचको भिन्नता, असमाञ्जस्यता अनि बेअन्तरघुलनता हरेक समाजमा देखिन थालेको छ। बुद्यौलीको व्यवस्थापन समाजका अन्य घातक समस्या जस्तै जटिल हुदैछ, केही फरक तथा सिर्जनात्मक समाधान खोज्न ढिला हुन लाग्दैछ।

यद्यपि केही नवीन अवधारणाहरूको प्रयोगले बुद्यौलीका कारण विश्व मानचित्रमा आएका जवान समस्यामाथि कुशल नियन्त्रण गर्नुको साथै सकारात्मक संस्करणहरू निर्माण गर्न सम्भव रहन्छ। वृद्धहरूलाई यथोचित सम्मान, आत्मीय माया अनि आदरतापूर्ण स्नेह सबैभन्दा श्रेयष्कर औषधि हुन्। जोन चिटिस्करकृत पुस्तक 'द गिफ्ट फर इयरस'ले बुद्यौलीलाई समाजको हितोपयोगी तवरमा सकारात्मक सन्देश र परिणाम आउने तथा विकास अनि समृद्धिलाई समेत सहयोग गर्ने गरी प्रयोग गर्ने थुप्रै नौला र बहुआयामिक उपायहरू सुझाउँछ। संयुक्त परिवारमा बालबच्चाको स्याहारसुसार गर्ने अभ्यासले यो समस्याको निराकरण गर्न आधार अवस्थादेखि नै सहयोग गर्न सक्छ। यस्तो अभ्यासमा बच्चा, प्रौढ, युवा वयस्कहरू अनि वृद्ध सबैसँगै रहने भएकाले एकअर्कालाई बुझ्न सहज हुन्छ। दीर्घकालमा सोचको फरकतामा कमी आउँछ। जर्ज भ्यालिनेटको पुस्तक 'एजिङ वेल'मा यी समस्याका निराकरण गर्न केही सिद्धहस्त सहयोगी विचार दिन्छन्। वृद्ध मानिसलाई उनीहरूले समाजमा दिनसक्ने योगदानका लागि विशेष पहल गर्नुपर्छ। उनीहरूको अनुभव तथा ज्ञानका सशक्त सञ्चारणले बाँकी पुस्तालाई सही बाटो देखाउन सक्छ। इम्यानुएल कान्तका मुख्य कृतिहरू उनी ६० देखि ८० वर्षको बीचमा हुँदा लेखिएका थिए। धेरै वैज्ञानिकबाट विश्व परिवर्तनकामी प्रसिद्ध सिद्धान्तहरू जीवनको उत्तरार्धमै प्रतिपादन भएका थिए। डेभिड स्नोडाउनको ' एजिङ विथ ग्रेस' अनि एनड्रेयु वेल्सको 'हेल्दी एजिङ'लाई वृद्धहरूका जवान समस्या निराकरण गर्न सघाउने बृहंगम दस्तावेजका रूपमा हेरिन्छ। उमेरको भेदभावबिना उनीहरूलाई उत्पादक बनाउँदै व्यस्त राख्न सक्नुपर्छ। त्यसो भएमा विश्वको विकास र समृद्धिमा उत्तिकै गहन योगदान पुग्नेछ। वयस्कता त्यति जघन्य समस्या हैन जति हामी सोचिराखेका छौं तर अधिकांश मानिसहरू वयस्क हुँदै गर्दा स्वतः मनोवैज्ञानिक रूपमा कमजोर अनुभव गर्छन्। त्यस्तो आत्मकेन्द्रित स्वअपहेलना चाहिँ समस्याको प्रमुख जड हो जसलाई उनीहरूले आफनो सोचाइबाट हटाउन सक्नुपर्छ। अहिले पनि अधिकांश नोबल पुरस्कार विजेताहरू वृद्ध उमेर समूहका छन्। सन् २०१४ मा १७ वर्षको कलिलै उमेरमा नोबल पुरस्कार पाउने मालाला इतिहासकै दुर्लभ र अपवाद आभूषित हुन्। तर अधिक विभूषितहरू चाहिँ ६० देखि ७० वर्ष अथवा त्योभन्दा पनि बढी उमेर समूहका छन्। सन् २००७ मा अर्थशास्त्रतर्फका विजेता लियोनिड हुरविक्ज ९० वर्षका थिए। लेखक ह्यारी वर्नस्टिनले ९७ र ९८ वर्षमा विश्वव्यापी चर्चासहित सर्वाधिक बिक्री हुन सफल दुई पुस्तकहरू लेख्न सके। त्यसैले वृद्ध मानिसहरूले आफ्ना अनुभव, बुझाइ तथा भावी पुस्ताका लागि उपयोगी दर्शनलाई लिखतमार्फत सुरक्षण गर्न सके उनीहरू पनि व्यस्त रहन्छन् अनि इतिहास पनि जोगिन्छ। झन्डै दुई दर्जन बढी विश्व धनाढ्यहरूले ५५ वर्षपछि सुरु गरेका नयाँ व्यवसाय वा पेसाबाट सफलता हात पारे। विख्यात वैज्ञानिक चाल्स डार्विन पनि यही समूहमा पर्छन्। साहित्यमा फ्याँक मसिकोर्ट, कलामा म्यारी डिलाने, अभिनयमा इस्टेले गेटी, फास्ट फुडको व्यवसायमा हारल्यान्ड सेन्डरस केही यस्ता उदाहरण हुन् जसले सामान्यतया अरू मानिसहरू निवृत्त हुने उमेर नजिकैबाट आफ्नो काम सुरु गरेर पनि अलौकिक विश्व सफलता हात पारे। उमेर आफैंमा समस्या हैन। निवृत्त मानिसहरूको मानसिकतामा सकारात्मक सोच निर्माण गराउँदा र बाँकी समाजले उनीहरूलाई त्यसैगरी परिचालन गर्दा समस्याको हल सहज हुन्छ।

त्यस्तै वृद्धहरूको नियमित सत्संग, उनीहरूबीच विभिन्न विषयमा साश्त्रार्थ गर्नाले उनीहरूलाई बढी पुनर्ताजगी गर्न सक्छ। आवश्यक सबै पूर्वाधार र सुविधासहितको वयस्कहरूको एकीकृत सामूहिक बस्ती विकास अर्को सहयोगी अभ्यास हुन सक्छ। बुल्गेरियाले वयस्कको समस्या सामधान गर्न वर्क फोर्स पार्टिसिपेसनमा वृद्धि गरेको छ। जापानले मानिसलाई ८० वर्षसम्म काम गर्ने अनुमति दिन्छ। मासाच्युसेटले हेल्दी एजिङनामक कार्यक्रम सुरु गरेको छ। केही एसियन देशहरूले परामर्श समूहका व्यापारमा निवृत्तहरूको सघन सदुपयोग गर्ने नीति बनाएका छन्। समाजलाई युगीन विकासमा लैजाने सूत्रहरू प्रतिपादन गर्ने अनुसन्धान गराउँदैछन्। यस्ता गतिविधिहरू बुद्यौली समूहका मानिसका लागि सुहाउँदो र रमाउँदो समेत हुन्छ। यस्ता विविध सुधारात्मक कदमहरू लिएमा बुद्यौली त्यति ठूलो समस्या नहोला। समयमै प्रभावकारी कदम नलिएमा चाहिँ बुद्यौलीले व्यापक मनोवैज्ञानिक विचलन, सामाजिक असंगति अथा आर्थिक अस्तव्यस्तता ल्याउने निश्चित देखिन्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# मेचीनगरले लगायो ५० वटा मुद्दाको टुङ्गो

मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाको न्यायिक समितिमा अघिल्लो आर्थिक वर्ष २०७९/०८० बाट जिम्मेवारी सरिआएका ३१ र चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्म दर्ता हुन आएका ९४ समेत गरी कुल जम्मा १ सय २५ वटा मुद्धा दर्ता भएका छन् । कुल मुद्धामध्ये ५० वटा फछ्र्यौट भएका छन् भने ७५ वटा प्रक्रियामा रहेको बताइएको छ । नेपालको संविधानको धारा २१७ मा कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ ।




सो समितिमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने प्रावधान छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४६ मा गाउँपालिका तथा नगरपालिकामा संविधानको धारा २१७ बमोजिमको एक न्यायिक समिति रहने प्रावधान छ । न्यायिक समितिका संयोजक एवम् उपप्रमुख मीना पोखरेल उप्रेतीका अनुसार सवैभन्दा बढी जग्गा साँध सिमानाका ४७ तथा सबैभन्दा कम जग्गा नामसारी, पोखरी ठेक्का, हिसाव फरफारक, वातावरण प्रदूषण, वैदेशिक रोजगार, गाली बेइज्जती, नागरिकता बनाई पाउँ, धरौटी रकम बुझाई पाउँका एक/एक वटा दर्ता भएका छन् । यसैगरी, लेनदेनसम्बन्धी ३०, अंशसम्बन्धी ५, क्षतिपूर्तिसम्बन्धी २, पारिवारिक विवाद ६ , बाटो पैनी ड्रेन अतिक्रमण ९, निर्माण कार्य रोक्का ४, घर खाली गराई पाउँ ४, घर टहरा हटाई पाउँ २, घरभाडा दिलाई पाउँ २, जग्गा रोक्का ६ वटा निवेदन न्यायिक समितिमा प्राप्त भएको समितिकी संयोजक एवम् उपप्रमुख उप्रेतीले जानकारी दिइन् । कुल फछ्र्यौटमध्ये तामेली १८, डिसमिस ३, वडामा पठाएको ३, सम्बन्धित क्षेत्राधिकार भएको निकाय /अदालत जानु भनी सुनाएको दश, खारेजी १, मिलापत्र भएको १५ निवेदन छन् । अन्य कार्वाहीमा जग्गा रोक्का फुकुवा ११, अन्तरिम संरक्षात्मक आदेश १, क्षेत्राधिकार भएको पालिकामा पठाएको १ र सहमति कायम गराएको ४ वटा छन् ।

माथि उल्लेखित मुद्धा संख्याबाहेक अघिल्लो आर्थिक वर्षमा पक्षहरुबीच सहमति मिलापत्र भएकोमा कार्यान्वयन नभएकोले सम्बन्धित पक्षलाई अदालत जानु भनी सुनाउने निर्णय गरिएको विवाद संख्या १ रहेको छ । यस न्यायिक समितिबाट उक्त अवधिमा ४ थान मुद्धामा सहमति कायम गराईएको छ भने ११ वटा मुद्धामा जग्गा रोक्का तथा फुकुवा आदेश गर्ने कार्य सम्पन्न भएको छ । यस न्यायिक समितिअन्तर्गत मेचीनगर नगरपालिकाका १५ वटा वडामा सञ्चालित मेलमिलाप केन्द्रहरुमा दर्ता भएका विवाद/मुद्धाको लगत, फछ्र्यौट हुने गरेका छन् ।

वडागत प्रगति विवरण हेर्दा वडाको मेलमिलाप केन्द्रअन्तर्गत सवैभन्दा बढी वडा नम्बर १० मा १२४ वटा मुद्धा दर्ता भएका छन् । तीमध्ये ९८ वटा किनारा लागेका छन् भने ४ वटा नगर स्तरीय न्यायिक समितिमा पठाएको थियो । २२ वटा उक्त केन्द्रमा प्रक्रियामा रहेका छन् । सवैभन्दा कम वडा नम्बर ५ को मेलमिलाप केन्द्रमा ११ वटा मुद्धा दर्ता भएका थिए । तीमध्ये ९ वटा फछ्र्यौट भए भने २ वटा न्यायिक समितिमा पठाएको अधिकृत इन्दिरा खरेलले जानकारी दिइन् ।

वडा नम्बर २ मा २३ वटा दर्ता भएका मुद्धामध्ये १० वटा किनारा, न्यायिक समितिका पठाइएको २, प्रक्रियामा रहेको ९ वटा र तामेलीमा रहेको २, वडा नम्बर ३ को केन्द्रमा कुल दर्ता भएका मुद्धामध्ये २६ वटा किनारा लागेको, ४ वटा न्यायिक समितिमा पठाएको, प्रक्रियामा रहेको ४० छन् । यो अवधिमा उक्त केन्द्रमा ७० वटा मुद्धा दर्ता भएको अभिलेखले देखाएको छ ।

वडा नम्बर ४ को केन्द्रमा कुल ५९ वटा मुद्धा परेका थिए । तीमध्ये फछ्र्यौट ४६, समितिमा पठाएको २ र बाँकी प्रक्रियामा रहेका ११, यसैगरी वडा नम्बर ५ मा मुद्धा दर्ता ११ मध्ये ९ वटा फछ्र्यौट र २ वटा समितिमा पठाएको , वडा नम्बर ६ मा कुल मुद्धा ८५ वटामध्ये ७६ वटा किनारा लागेका थिए । समितिमा पठाएको ४ र बाँकी प्रक्रियामा रहेका ५, वडा नम्बर ७ मा १०७ वटा निवेदन परेका थिए । तीमध्ये ७१ वटा समयमै टुङ्गो लागेका छन् । १३ वटा समितिमा पठाएको र २३ वटा प्रक्रियामा रहेको अधिकृत खरेलले जानकारी दिइन् ।

वडा नम्बर ८ को कुल मुद्धा ४४ मध्ये २५ वटा किनारा लागेका थिए । ४ वटा समितिमा पठाएको र ८ वटा प्रक्रियामा रहेको बताइएको छ । वडा नम्बर ९ मा ६७ वटा मुद्धा दर्ता भएका थिए । तीमध्ये ४५ वटा किनारा लागेका छन् । समितिमा ५ वटा पठाएको र प्रक्रियामा १७ वटा रहेका छन् । वडा नम्बर ११ को मेलमिलाप केन्द्रमा कुल ३३ वटामध्ये २१ वटा फछ्र्यौट, समितिमा पठाएको, ७ वटा प्रक्रियामा रहेको ५, वडा नम्बर १२ मा २७ वटा दर्तामध्ये २१ वटा किनारा लागेको २ वटा न्यायिक समितिमा पठाएको ,चालु ४ वटा रहेका छन् । वडा नम्बर १३ मा ३१ वटा मुद्धा दर्ता भएका थिए । २० वटा फछ्र्यौट, समितिमा पठाएको ३ र चालु अवस्थामा रहेका ८ वटा छन् । वडा नम्बर १५ मा १९ वटा दर्ता भएका थिए । तीमध्ये १२ वटा फछ्र्यौट, २ वटा न्यायिक समितिमा पठाएको बताइएको छ । बाँकी ५ वटा प्रक्रियामा छन् । यस न्यायिक समितिअन्तर्गत १५ वटै वडाका मेलमिलापकर्ताहरुलाई मेलमिलाप कार्यविधिको बारेमा बेलाबेलामा तालिम दिने गरिएको छ । राजस्व असुलीमा न्यायिक समितिको पनि योगदान रहेको छ । चालु आर्थिक वर्षमा न्यायिक समितिबाट कुल २० हजार रुपैयाँ न्यायिक दस्तुर वापत राजस्व असुली गर्ने लक्ष्य लिइएको थियो । तर, चालु आर्थिक वर्षको असार ९ गतेसम्ममा २ लाख ९२ हजार २ सय ७ रुपैयाँ असुली भएको छ ।

## कमलले...

पहिचान (ब्राण्डिङ) गरेर ' उत्पादन साथमा अनुदान हातमा' भन्ने नीति लिइएको छ । गाउँपालिकाले सबै किसानलाई किसान सूचीकरणमा समावेश गर्ने नीति लिएको छ भने कृषि उपजलाई बजारीकरणका लागि समुह तथा सहकारीको साझेदारीमा कृषि उपज संकलन तथा बजारीकरणको व्यवस्था गरिने, कृषि सिँचाईको बिद्युत मिटरमा उठेको बिल अनुसार ५० प्रतिशत बिल भुक्तानीमा अनुदान दिने, वडा-वडाबाटै कृषि जैविक मल उत्पादन गरी किसानलाई उपलब्ध गराउने, कृषि चुनमा अनुदान, संघीय र प्रदेश सरकारसँगको साझेदारीमा कृषि यान्त्रिकीकरण तथा कृषिका अन्य पूर्वाधार विकास गरी चाक्लाबन्दी खेतीलाई प्रोत्साहन गर्ने नीति लिइएको अध्यक्ष हुकुमसिंह राईद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा जनाइएको छ ।

भूमि बैंकको स्थापना गरी बेरोजगार र भूमिहीन युवालाई कृषि क्षेत्रमा लगाउन पहल गरिने, 'स्वस्थ जीवनका लागि कमलको ताजा तरकारी 'भन्ने नारासहित एक घर एक करेसाबारी कार्यक्रमअन्तर्गत तरकारीको मिनिकोटमार्फत प्रोत्साहन गर्ने, किसानको समस्या निदानका लागि एक दिनभित्रै आवश्यकता अनुसार कृषि प्राविधिकको पहुँच पुर्याउने, व्यवसायिक कृषिको विकासका लागि किसानहरुमा क्षमता अभिबृद्धि, कृषि औजार उपकरण र प्रविधि हस्तान्तरण एवं प्रयोगलाई प्रोत्साहन गर्ने पनि पालिकाको नीति छ ।

आयुर्वेदिक महत्वका नीम, अमला, आँक, तुलसी, लसुन, अदुवा, बेसार, पुदिना आदि नगदेबाली लगाइ बजारीकरणमा समेत प्रोत्साहन गर्ने नीति लिइएको छ ।

आइतबार बसेको गाउँसभामा अनुमानित आम्दानी खर्चको विवरणसहितको बजेट प्रस्तुत गरिएको हो ।गाउँसभाको पहिलो बैठकमा गाउँपालिका अध्यक्ष राईले आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गरेका थिए भने उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले नीति कार्यक्रममा आधारित बजेट प्रस्तुत गरेकी थिइन् ।

# एक्सेल डेभलपमेण्ट बैंकद्वारा डस्टबिन वितरण

गौरादह(प्रस) । एक्सेल डेभलपमेण्ट बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत फोहोर व्यवस्थापनमा सहयोग पुर्याउन डस्टबिन वितरण गरेको छ । गौरादह नगरपालिकाको बैगुनधुरा बजारभित्रका विभिन्न स्थानहरूमा ७ थान डस्टबिन वितरण गरिएको बैंकले जनाएको छ ।कार्यक्रममा अतिथिका रुपमा बैगुनधुरा बजार व्यवस्थापन समितिका हालका अध्यक्ष राजेन्द्र पोखरेल साथै बजार व्यवस्थापन समितिका पूर्व अध्यक्ष सिताराम पोखरेलले बैंकको यस पहललाई धन्यवाद दिदैं बजारको सफाई र फोहोर व्यवस्थापनमा यस प्रकारको योगदान अत्यन्तै सराहनीय भएको बताए ।उनीहरुले यस बैंकसँग सहकार्य गर्दै अगाडि बढ्न चाहने




इच्छा व्यक्त गरे ।एक्सेल डेभलपमेण्ट बैंकका बजार व्यवस्थापन विभागका कर्मचारी गजेन्द्र ढकालले यस कार्यक्रमको महत्व प्रकाश पार्दै सफा र हरियाली शहर निर्माण सबैको सामूहिक जिम्मेवारीका साथै यस डस्टबिन वितरण कार्यक्रममार्फत बैंकले समुदायलाई फोहोर व्यवस्थापनमा सजिलो पार्न मद्दत पुर्याउने उद्देश्य राखेको बताए । कार्यक्रममा बैंकका कर्मचारी, स्थानीय बासिन्दा, तथा समाजसेवीहरूको सक्रिय सहभागिता रहेको थियो । सहभागीहरू सबैले फोहोरलाई सही स्थानमा व्यवस्थापन गर्न तथा बजारको सफाईमा योगदान पुर्याउन आह्वान गरे।

डस्टबिन वितरण कार्यक्रमसँगै बैंकले अन्य थुप्रै सामाजिक उत्तरदायित्व कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ। बैंकले शिक्षा, स्वास्थ्य, तथा वातावरण संरक्षणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको हो । आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता जनाएको छ। कार्यक्रममा वडा कार्यालयको तर्फबाट कृष्ण प्रधान, समाजसेवीहरु चन्द्र खड्का, कृष्ण खतिवडा, भवकृष्ण पोखरेल, ठाकुर दाहाललगायतको उपस्थिति रहेको थियो ।

# बाणिज्य संघको सदस्यमा बजगाई मनोनित

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघको कार्यकारिणी सदस्यमा युवा व्यवसायी विश्वेश्वरप्रसाद बजगाई (विपिन) लाई मनोनयन गरिएको छ । संघको विधान २०७३ को परिच्छेद नं ५ को दफा १३ को उपदफा 'घ' मा व्यवस्था भए अनुसार बजगाईलाई कार्यकारिणी समिति सदस्यमा मनोनयन गरिएको हो ।



संघका अध्यक्ष राजु न्यौपानेले बजगाईलाई सदस्यमा मनोनयन

संघका अध्यक्ष राजु न्यौपानेले बजगाईलाई सदस्यमा मनोनयन गरेका हुन् । बजगाईलाई संघको सदस्यमा मनोनयन गरिएसंगै समिति २१ सदस्यीय बनेको छ ।सदस्यमा मनोनयन गरिएका बजगाई युनिक मेसिनरीका सञ्चालक हुन् । २०५१ सालबाट व्यवसाय शुरु गरेका बजगाईले युनिक इन्टरप्राइजेज समेत सञ्चालन गरेका छन् । विभिन्न सामाजिक र धार्मिक संघ संस्थामा समेत सक्रिय भएर काम गर्दै आएका उनी नयाँ उज्यालो सहकारी संस्थाका पूर्ब अध्यक्ष र केदार मनमाया स्मृति प्रतिष्ठानका अध्यक्षसमेत रहेका छन् ।

## झापा...

गाउँसभामा कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले आर्थिक वर्ष २०८१-८२ को बजेट प्रस्तुत गरेकी थिईन् । प्रस्तुत बजेटमा गाउँपालिकाको आयतर्फ संघीय राजश्व बाँडफाँटतर्फ १० करोड ३९ लाख , संघीय सशर्त अनुदान २१ करोड ७३ लाख , संघीय समानीकरण अनुदान ११ करोड ७४ लाख , संघीय समपुरक अनुदान ७६ लाख , प्रदेश समानीकरण अनुदान ७३ लाख ४१ हजार , प्रदेश राजश्व बाँडफाँट ४४ लाख ७९ हजार , घरजग्गा रजिष्ट्रेशन दस्तुर ५० लाख , प्रदेश सशर्त अनुदान ६२ लाख ८५ हजार , प्रदेश समपूरक अनुदान १ करोड र आन्तरिक आय १ करोड ५० लाख रुपैयाँ गरी ४९ करोड ४३ लाख ५ हजार रुपैयाँ अनुमानित आय हुने बजेटमा उल्लेख गरिएको छ । गाउँपालिकाले व्ययतर्फ चालु खर्च शिर्षकमा सम्पूर्ण क्रियाकलापहरुका लागि एकमुष्ट रु ६ करोड ६९ लाख रुपैयाँ विनियोजन गर्दै पूँजीगत खर्चमा आर्थिक विकासतर्फ १ करोड ८४ लाख , पूर्वाधार विकासतर्फ १० करोड २८ लाख , वन वातावरण विपद तथा सरसफाईतर्फ २१ लाख , संस्थागत विकास सेवा प्रवाह तथा सुशासनतर्फ ५५ लाख सामाजिक विकासतर्फ ५ करोड ७४ लाख २० हजार , संघीय सशर्त अनुदान २१ करोड ७३ लाख , संघीय समपूरक अनुदान ७६ लाख , प्रदेश सशर्त अनुदान ६२ लाख ८५ हजार गरी जम्मा अनुमानित व्यय रु ४९ करोड ४३ लाख ५ हजार रुपैयाँ हुने बजेटमा उल्लेख छ ।

गाउँपालिकाका कार्यवाहक अध्यक्ष थपलियाको अध्यक्षतामा भएको गाउँसभामा प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलिया , लेखा अधिकृत तथा सूचना अधिकारी लक्ष्मी खतिवडा , कृषि शाखा प्रमुख जगतनारायण मण्डल , सातै वटा वडाका वडा अध्यक्षहरु , कार्यपालिका सदस्यहरु , परिषद सदस्य तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd.
Estd:2065
ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने